# नेपाल : यातना र जबर्जस्ती "साबिती बयान" : २०७२ भदौको प्रहरी हत्यापछि आदिवासी थारुको मानवअधिकार हनन्

## सार-संक्षेप

> **"मध्यरातमा ढोका खोलेर प्रहरी मेरो घरभित्र आउँदा म निदाइरहेको थिएँ। उनीहरुले मेरो नाम सोधे र कुट्न थाले। मलाई उनीहरुको गाडीमा राखे। प्रहरीले आफ्नो गाडी एउटा प्रहरी चौकीमा रोके र त्यहाँ मलाई कुटपिट गरे। त्यसपछि अर्को प्रहरी चौकी पुगेपछि उनीहरुले गाडी रोके। त्यहाँ मलाईं लाठीले, बन्दुकको कुन्दाले र उनीहरुले जे भेटे त्यसैले कुटे।"[1]**
>
> तुलसीराम (काल्पनिक नाम)

> **"प्रहरीले मलाई जबर्जस्ती साबिती बयानमा हस्ताक्षर गर्न लगाए। कागजमा लेखिएको कुरा पढ्न आग्रह गर्दा मलाई कुटपिट गरे।"[2]**
>
> भागीराम (काल्पनिक नाम)

यस प्रतिवेदनमा, ७ भदौ २०७२ मा टिकापुरमा आठ जना सुरक्षाकर्मी र एक जना बालकको हत्याको घटनालाई लिएर सुदूर-पश्चिमको कैलाली जिल्लामा आदिवासी थारु समुदायका व्यक्तिहरुलाई प्रहरीले स्वेच्छाचारी पक्राउ गऱ्यो, यातना र अन्य दुर्व्यवहार गऱ्यो साथै केहीलाई जबर्जस्ती "साबिती बयान"मा हस्ताक्षर गरायो भन्ने विषयमा एम्नेस्टी इन्टरनेसनलले अभिलेखन गरेको छ।

सो घटनापछि ज्यानमारा, ज्यानमारा उद्योग र चोरी-डकैती आरोपमा मुद्दा खेपिरहेका थारुहरु धनगढी कारागारमा थुनुवामा छन्। उनीहरुसँगको अन्तर्वार्ताले प्रहरी हिरासतमा रहँदा लाठीले कुटपिट गरिएको, राइफलको कुन्दाले प्रहार गरिएको, थप्पड हानिएको र गालीगलौच गरिएको कुरा खुल्दछ। कुटपिट र यातना प्राय: पक्राउ गरिएको समयदेखि, प्रहरी चौकीमा स्थानान्तरणको क्रममा र प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय (जिप्रका)मा भएका थिए।

बन्दीहरुको व्यक्तिगत कथनमा उनीहरु कहाँ र कसरी पक्राउमा परे, एउटा ठाउँबाट अर्को ठाउँमा कसरी सरुवा गरिए र कसरी यातना पाए भन्ने बारेमा केही विवरण भिन्न छ। यद्यपि उनीहरु पक्राउ परेर सुरक्षाकर्मीको गाडीमा राखिनासाथ यातना सुरु भएको थियो। जिल्लाको विभिन्न प्रहरी चौकी र विशेषगरी जिप्रकामा यातना दिएको कुरामा भने उनीहरुको कथनमा एकरुपता छ।

---

[1] तुलसीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनगढी कारागार, २९ फागुन २०७२।

[2] भागीराम (काल्पनिक नाम)सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनगढी कारागार, २९ फागुन २०७२।

बन्दीहरुले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार उनीहरु पक्राउ पर्नुका कारणबारे उनीहरुलाई आवश्यक जानकारी दिइएन । पक्राउ परेको समयदेखि नै वकिलको परामर्श लिन स्वीकृति प्रदान गरिएन । साथै उनीहरु विरुद्ध चालिएको कार्यवाहीबारे यथेष्ट जानकारी प्रदान गरिएन । उनीहरुका कथनले “साबिती बयान” लिन प्रहरीले उनीहरुलाई धैरै यातना दिएको सन्दर्भमाथि प्रकाश पार्दछ । यातना भोगेकाहरुमा एक जना १४ वर्षीय बालक पनि रहेको बताइयो ।

यो खास अवस्थाले दण्डहीनताको वृहत वातावरणबारे बोल्दछ जहाँ यातनाका पीडकहरु, विशेषगरी प्रहरीहरु, आफ्ना कामकारवाहीका लागि जिम्मेवार ठहरिँदैनन् । यस्तो अवस्थाले यातनाका घटनाहरुका सम्बन्धमा दुवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दायित्व पूरा गर्नमा नेपाल असफल भएको देखाउँछ । ती दायित्वमध्ये यातनाको आरोपमाथि प्रभावकारी अनुसन्धान गर्ने, पीडकहरुलाई न्यायको कठघरामा उभ्याउने र पीडितहरुलाई परिपूरण उपलब्ध गराउने कार्य प्रमुख हुन् ।

यातना र अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको नेपाल पक्ष राष्ट्र हो । त्यसैले आफ्नो जिम्मेवारी अनुरुप राष्ट्रिय कानुनद्वारा यातनालाई अपराध घोषित गर्नु, त्यसको गाम्भीर्यता दर्साउन उपयुक्त सजायद्वारा दण्डित गर्ने कानुन तत्काल जारी गर्नु नेपाल सरकारको दायित्व हो ।

## कार्यपद्धति

एम्नेस्टी इन्टरनेसनलले टिकापुर र आसपासका गाउँहरूका साथै जिल्ला सदरमुकाम धनगढीमा २०७२ फागुनमा अन्तर्वार्ताहरु लियो । धनगढी कारागारमा रहेका १९ जना बन्दीसँग फागुनमा र कास्की जिल्लास्थित बाल सुधार गृहमा रहेका एक जना बालकसँग २०७३ वैशाखमा एम्नेस्टी इन्टरनेसनलले कुराकानी गऱ्यो ।

बन्दीहरुलाई गरिएको व्यवहारबारे प्रत्यक्ष जानकारी भएका दुई जना मानवअधिकारवादी, वकिल तथा साक्षीहरुसँग धनगढीमा र आरोपितका परिवारका एक जना सदस्यसँग पनि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लियो ।

अन्तर्वार्ता लिइएका बन्दीहरुलाई धनगढी कारागारको पक्की पर्खालले छुट्टाइएका दुई खण्डमा राखिएको थियो । कारागारको एउटा खण्डमा आठ जनालाई र अर्को खण्डमा एघार जना थुनमा थिए । दुवै खण्डका बन्दीलाई कारागारका सुरक्षाकर्मीहरुले आगन्तुक भेट्ने अगाडिको घेरा नजिकै भेला हुन लगाए । त्यसपछि एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले प्रत्यक्ष कुराकानी गर्दै धनगढी कारागारमा सारिनु अघि पक्राउ गरिएको सन्दर्भ र प्रहरी हिरासतमा रहँदाको व्यवहारबारे बन्दीका व्यक्तिगत कथा र भोगाइँ बताउन आग्रह गरे । कारागारका दुई भिन्न खण्डमा बन्दी बनाइएका दुई समूहमा राखिएका व्यक्तिहरुले दिएको अन्तर्वार्तापछि ती बयानलाई तुलना गर्ने र पुष्टि गर्ने अवसर एम्नेस्टी इन्टरनेसनलले प्राप्त गऱ्यो ।

सबै बन्दीले आफ्नो बयानलाई प्रकाशित गर्न स्वीकृति प्रदान गरे। यद्यपि अन्तर्वार्ता दिन सहमत व्यक्तिका सुरक्षा र संरक्षणलाई प्राथमिकता दिँदै प्रतिवेदनमा सबैलाई काल्पनिक नामले सम्बोधन गरिएको छ । दुई जना बन्दीले आफ्नो नाम प्रयोग गर्ने अनुमति प्रदान गरे।

कास्कीस्थित बाल सुधार गृहमा रहेको आगन्तुक कक्षमा १४ बर्षीय बालकसँग एकल रुपमा अन्तर्वाता लिइयो । ती बालकको उमेरका कारण र उनको संरक्षण र सुरक्षालाई सुनिश्चित गर्न समेत यस प्रतिवेदनमा उनलाई काल्पनिक नाम दिइएको छ ।

एम्नेस्टी इन्टरनेसनलले २०७२ फागुन २६-२९ गतेको अवधिमा टिकापुर र सेरोफेरोका गाउँमा स्थानीयसँग साथै ती क्षेत्र र सदरमुकामका मानवअधिकारवादी, शिक्षक, वकिल, व्यावसायी र पत्रकारसमेत गरी करिब ३० जनासँग कुराकानी गऱ्यो । संस्थाले चार जना सरकारी अधिकारी : सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला अदालत रेजिस्ट्रार, इलाका प्रशासनका प्रमुख[3] र धनगढी कारागारका वार्डेनसँग पनि कुराकानी गऱ्यो । यसका अतिरिक्त अभियोगपत्र, अदालतको अन्तरिम

[3] भ्रमण गरिएको इलाका प्रशासन टिकापुर र आसपासका गाउँ विकास समिति(गाविस)हरुको इलाका कार्यालय हो ।

आदेश र डोटी पुरावेदन अदालतमा बन्दीहरुका तर्फबाट दर्ता गरिएको आवेदनलगायत अन्य कानुनी दस्तावेजको पनि समीक्षा गर्‍यो ।

आजसम्म ५८ जनालाई आरोपित करार गरिएको छ । तीमध्ये असारको अन्त्यसम्म २५ जना पक्राउ गरिएका छन् । आरोपितमध्ये दुई जना बालक छन् । कैलाली जिल्ला अदालतमा यो मुद्दा विचाराधीन छ । यो प्रतिवेदन लेखिँदाको समयसम्म, थुनछेक विरुद्धको निवेदन सर्वोच्च अदालतमा विचाराधीन थियो ।